

# अभिभावकको लागि NYSITELL बारे जानकारी पुस्तिका

Nepali | August 2015

**न्यू योर्क राज्यको सार्वजनिक स्कूल प्रणालीमा तपाइँलाई हार्दिक स्वागत छ ! सम्पूर्ण न्यू योर्क राज्यका विद्यार्थीहरु तथा अंग्रेजी भाषाका शिक्षार्थीहरु (ELLs)/ / बहुभाषी शिक्षार्थीहरु (MLLs)ले उच्चतम स्तरको शैक्षिक सफलता तथा भाषामा कुशलता प्राप्त गरुन भनी सुनिश्चित गर्न न्यू योर्क राज्यको शिक्षा बिभाग (NYSED) अन्तर्गत दोभाषे शिक्षा तथा विश्व भाषाहरुको कार्यालय (OBEWL) को उद्देश रहेको छ । बिभिन्न भाषाहरुमा सम्पूर्ण विद्यार्थीहरुको व्यक्तिगत शैक्षिक मार्गहरु र सामाजिक तथा भावनात्मक आवश्यकताहरु पुरा गरिएका छन् जसले उनीहरुलाई कलेज तथा करियरको लागि तयार गर्दछ भनी सुनिश्चित गर्न हामीले सक्दो प्रयास गर्दछौ ।**

## परिचय

भर्ना गर्दा तपाईले आफ्नो बच्चाको गृह वा प्राथमिक भाषा अंग्रेजी नभई अरु भएको जानकारी दिनुभएको थियो र एक शिक्षकले अंग्रेजी भाषामा अतिरिक्त सहायताका लागि सम्भावित आवश्यकता निर्धारण गर्न उससंग अन्तरवार्ता लिएको थियो । अनतर्वताबाट प्राप्तजानकारीले तपाईँको बच्चा अंग्रेजी भाषाको शिक्षार्थी (ELL) ले पाउने सेवाहरूको लागि योग्य हुन सक्छ र एक सम्भावित अंग्रेजी भाषाको शिक्षार्थी / बहुभाषी शिक्षार्थी (ELL / MLL) को रूपमा पहिचान गर्न सकिन्छ भन्ने संकेत गर्दछ । अंग्रेजी भाषामा अतिरिक्त सहायताका लागि तपाईको बच्चाको योग्यता पुष्टि गर्न, तपाईँको बच्चाले अब अंग्रेजी भाषा शिक्षार्थिका लागि न्यूयोर्क राज्यको पहिचान परिक्षा (NYSITELL) दिनेछ ।

## NYSITELL को उद्देश्य के हो ?

नयाँ विद्यार्थीहरू जसको गृह वा प्राथमिक भाषा अंग्रेजी नभई अन्य हो, उनीहरुको अंग्रेजी भाषाको स्तरलाई मुल्यांकन गर्नु यस NYSITELL को उद्देश्य हो । यस NYSITELL मा तपाईको बच्चाको प्राप्तांक (प्रवेश गरिरहेको स्थिति, बिस्तारै प्रकट भैरहेको स्थिति, परिवर्तनशील अवस्थामा रहेको, विस्तार गरिरहेको स्थिति वा प्रभावशाली स्थितिमा रहेको) ले यदि तपाईको बच्चाले अंग्रेजी भाषाको शिक्षार्थी (ELL) सम्बन्धि सेवाहरुको हकदार हुने छ वा छैन भनी निर्धारित गर्ने छ तथा अंग्रेजी भाषामा सहयोगको लागि कुन स्तरको सहायता चाहिन्छ भनी निर्धारण गर्ने छ । तपाईको बाचाले प्राप्त गरेको अंकले शिक्षकहरुलाई उनीहरुको अंग्रेजीमा सुन्ने, बोल्ने, पढ्ने र लेख्ने आवस्यकताहरु तथा सामर्थ्यहरुको आधारमा उत्कृस्ट कार्यक्रमको योजना बनाउन मद्दत पनि गर्ने छ ।

## NYSITELLलाई के दिइएको छ?

NYSITELL ले सम्भावित ELL / MLLs लाई एक पटक मात्र न्यू योर्क राज्यको स्कूल सिस्टममा दर्ता गरी प्रशासित गर्दछ ।

## विद्यार्थीहरुलाई कस्ता प्रकारका प्रश्नहरु सोधिने छ?

NYSITELL मा धेरै वैकल्पिक, छोटो लिखित प्रतिक्रिया, लामो लिखित प्रतिक्रिया, र सुनाई, बोलाई, पढाई र लेखाईमा मौखिक प्रतिक्रिया जस्ता प्रश्नहरू समावेश छन् ।

## म कसरी परिक्षाफल प्राप्त गर्न सक्छु?

तपाईँको बच्चा भर्ना भएको स्कुलले तपाईको बच्चाको स्तर र तपाईले गर्नु पर्ने आवश्यक कुनै पनि अतिरिक्त कार्यहरूलाई जनाउदै सूचना पत्र पठाउने छ । यदि तपाईको बच्चालाई एक अंग्रेजी भाषाको शिशार्थी (ELL) / बहुभाषी शिक्षार्थी (MLL) का रूपमा पहिचान गरिएको छ भने तपाईलाई अभिमुखिकरण कार्यक्रममा उपस्थित हुन बोलाइने छ र सो समयमा तपाईँले तपाईकोको बच्चाको लागि उपलब्ध गराइने अंग्रेजी भाषालो शिक्षार्थी (ELL) सम्बन्धि कार्यक्रमहरु बारे सिक्न सक्नुहुनेछ ।

### प्रवीणता स्तर भनेको के हो?

बच्चा अंग्रेजी भाषाको शिक्षार्थी (ELL)/ बहुभाषी शिक्षार्थी (MLL) मा पर्न सक्ने वा नसक्ने उसले प्राप्त गरेको परिक्षाफलमा निर्भर हुन्छ। यस प्रवीणता स्तरको विवरण तल तालिकामा प्रदान गरिएको छ:

| स्तर | अंग्रेजी भाषामा प्रवीणता स्तरको विवरण | |
|---|---|---|
| प्रवेश गरिरहेको स्थिति (शुरुवात) | यस प्रवेश स्तरमा विद्यार्थीको शैक्षिक भाषा कौशल अघि बढाउन सहयोग र संरचनामा ठूलो निर्भरता रहन्छ र अझै विभिन्न किसिमका शैक्षिक प्रसङ्गहरुमा अंग्रेजी भाषामा प्रवीणता देखाउन आवश्यक भाषा सम्बन्धि मागहरू पुरा भएको छैन। | सेवाहरूको लागि योग्य |
| बिस्तारै प्रकट भैरहेको स्थति (कम मध्यवर्ती) | विद्यार्थी आफ्नो शैक्षिक भाषामा कौशल बढाउन सहयोग र संरचनामा केही हद सम्म निर्भर रहन्छ र यो ग्रेड स्तर भित्र विभिन्न किसिमका शैक्षिक प्रसङ्गहरुमा अंग्रेजी भाषामा प्रवीणता देखाउन आवश्यक भाषा सम्बन्धि मागहरू पूरा गर्न अझै बाँकी रहन्छ। | |
| परिवर्तनशील अवस्थामा रहेको (मध्यवर्ती) | विद्यार्थीले आफ्नो शैक्षिक भाषामा कौशल बढाउन केही स्वतन्त्रता देखाउँछ, तर यो ग्रेड स्तर भित्र विभिन्न किसिमका शैक्षिक प्रसङ्गहरुमा अंग्रेजी भाषामा प्रवीणता देखाउन आवश्यक भाषा सम्बन्धि मागहरू पूरा गर्न अझै बाँकी छ। | |
| विस्तार गरिरहेको स्थितिमा (विकसित) | विद्यार्थीले आफ्नो शैक्षिक भाषामा कौशल बढाउन ठूलो स्वतन्त्रता देखाउँछ र यो ग्रेड स्तर भित्र विभिन्न किसिमका शैक्षिक प्रसङ्गहरुमा अंग्रेजी भाषामा प्रवीणता देखाउन आवश्यक भाषा सम्बन्धि मागहरू पुरा गर्न लागेको हुन्छ। | |

### कसले परीक्षण व्यवस्था र मूल्यांकन गर्दछ?

न्यू योर्क राज्यका योग्य प्रशिक्षकहरुद्वारा NYSITELL को परिक्षण व्यवस्था र मूल्यांकन गरिन्छ।

### यदि मेरो बच्चा IEP हो भने के NYSITELLको समयमा आवासीय परीक्षणको अनुमति  दिइएको हुन्छ?

हुन्छ, IEP छात्रलई NYSITELL मा आवासीय परीक्षणको अनुमति दिएको छ। तपाईँको बच्चालाई प्रदान गरिएको आवासका बारेमा विशेष जानकारी प्राप्त गर्न तपाईको बच्चाको शिक्षकसंग कुरा गर्नुहोस्।

### मेरो बच्चा एक पटक ELL/MLL रूपमा पहिचान भैसके पछि ऊ के के सेवाहरूको लागि योग्य हुन्छ?

जब तपाईँको बच्चालाई अंग्रेजी भाषाको शिक्षार्थी (ELL)/ बहुभाषी शिक्षार्थी (MLL) का  रूपमा पहिचान गरिन्छ, तपाईँको बच्चा दोभाषे शिक्षा (परिवर्तनीय वा दोहरो भाषा) र / वा एक नयाँ भाषाको रुपमा अंग्रेजी (ENL) जस्ता सेवाहरूको हकदार हुनेछ। तपाईको बच्चाले प्रत्येक हप्ता प्राप्त गर्ने  अंग्रेजी भाषाको शिक्षार्थी (ELL) सम्बन्धि सेवाहरूको लागि मिनेट (कक्षा समय) उसको प्रवीणताको स्तरले निर्धारण गर्छ। प्रवीणता स्तरका आधारमा विशेष मिनेटको लागि तलको तालिका हेर्नुहोस्।

| स्तर | ग्रेड K-8 प्रति हप्ता ENL निर्देशनको मिनेट | ग्रेड ९-१२ प्रति हप्ता ENL निर्देशनको मिनेट | दोभाषे कार्यक्रमका विद्यार्थीहरु |
|---|---|---|---|
| प्रवेश गरिरहिएको स्थिति (शुरुवात) | ३६० मिनेट | ५४० मिनेट | • १ गृह भाषा सम्बन्धि कलामा पाठ्यक्रम<br>• न्यूनतम २ दोभाषे दोभाषे विषयहरु सम्बन्धि सामग्री |
| बिस्तारै प्रकट भैरहेको स्थिति (कम मध्यवर्ती) | ३६० मिनेट | ३६० मिनेट | • १ गृह भाषा सम्बन्धि कलामा पाठ्यक्रम<br>• न्यूनतम २ दोभाषे विषयहरु सम्बन्धि सामग्री |
| परिवर्तनशील अवस्थामा रहेको (मध्यवर्ती) | १८० मिनेट | १८० मिनेट | • १ गृह भाषा सम्बन्धि कलामा पाठ्यक्रम<br>• न्यूनतम १ दोभाषे विषय सम्बन्धि सामग्री |
| विस्तार गरिरहेको स्थितिमा रहेको (विकसित) | १८० मिनेट | १८० मिनेट | • १ गृह भाषा सम्बन्धि कलामा पाठ्यक्रम<br>• न्यूनतम १ दोभाषे विषय सम्बन्धि सामग्री |

### जब मलाई परीक्षाफल बारे जानकारी पाउछु, तब मैले घरमा कसरी सहयोग गर्न सक्छु?

- तपाईँको बच्चालाई उसको गृह / प्राथमिक भाषामा र / वा अंग्रेजीमा पढ्दिनुहोस् (अनुसन्धानले तपाईँको बच्चालाई तपाईँको आफ्नै गृह भाषामा पढ्दा अंग्रेजी साक्षरता सम्बन्धि सीपहरुमा सहयोग गर्छ भनेर देखाउँछ)।
- तपाईँको गृह / प्राथमिक भाषामा आफ्नो बच्चालाई कथाहरू भन्नुहोस्।
- तपाईँको स्थानीय पुस्तकालयमा जानुहोस् र आफ्नो गृह / प्राथमिक भाषामा वा अंग्रेजीमा सुन्ने पुस्तकहरू ल्याउनुहोस्।
- तपाईँको स्कूलले निर्धारण गरेको अभिभावक-शिक्षक सम्मेलनमा सहभागी हुन निश्चित गर्नुहोस्।
- तपाईको बच्चाको सफलतामा सहयोग गर्न विशेष तरिका जान्न, तपाईको बच्चाको शिक्षकसंग एक व्यक्तिगत बैठकको लागि समय निर्धारण गर्नुहोस् ।
- हरेक दिन आफ्नो बच्चाले गृहकार्य गर्नको लागि समय निर्धारण गर्नुहोस् र सम्भव छ भने तपाईँको बच्चालाई गृहकार्य गर्नको लागि हल्ला मुक्त एक शान्त ठाउँ प्रदान गर्नुहोस् जहाँ उसले काम गर्न सक्छ ।
- संग्रहालयहरुमा जाने परिवारिक योजना बनाउनुहोस्। संग्रहालयमा गाइडहरुले तपाईँलाई र तपाईँको बच्चाहरुसंगै प्रदर्शनीमा घुम्न मदत गर्न सक्छन्।
- स्कूल पश्चात वा सप्ताहन्तमा संग्रहालयहरु र पुस्तकालयहरुले धेरै जसो कम लागतको र / वा निःशुल्क जानकारी मूलक कक्षाहरु प्रदान गर्ने प्रस्ताव गर्दछन्।

अंग्रेजी भाषाको शिशार्थी (ELL) सम्बन्धि सेवाहरू बारे प्रश्नहरु र जिज्ञासाहरुको लागि कृपया सम्पर्क गर्नुहोस्
nysparenthotline@nyu.edu
ELL अभिभावक हटलाइन: (८००) ४६९-८२२४

अरु प्रश्नहरू छन् भने?
कृपया दोभाषे शिक्षा र विश्व भाषाको कार्यालय OBEFLS@nysed.gov मा
प्रश्नहरू वा टिप्पणीहरु पठाउनुहोस्
वा ७१८-७२२-२४४५ मा फोन गर्नुहोस्
NYSITELL बारे थप जानकारीको लागि:
http://www.p12.nysed.gov/assessment/nysitell/

NYSED.gov